तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाल्जे बजार जुविथा, कालिकोट

कर्णाली प्रदेश, नेपाल

## शिलवन्दी दरभाउपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशितमिति २०७६/०७/२५

तिलागुफा नगरपालिको चालु आ.व.मा यस कार्यालयको मसलन्द तथा कार्यालय व्यवस्थापनका लागि तपसिलमा उल्लेखीत सम्रागी खरिद गर्नुपर्ने भएकाले सम्वन्धीत इजाजत पत्र प्राप्त इच्छुक व्यक्तिफर्म तथा कम्पनी बाट निम्नशर्तको अधिनमा रही रित पूर्वक सिलवन्दी दरभाउपत्र आव्हानगरिएको छ।

१ यो सुचनाप्रकाशन भएको मितिले १५ दिनभित्र*कम्पनी /फर्म* [illegible]करण भएको इजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाणित प्रतिलिपी, मुल्यअभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०७५।०७६ को करचुक्ताको प्रमाणित प्रतिलिपि संलग्न राखी रु.१० को टिकट निवेदनमा टास गरी कार्यालय समय भित्र छुटा छुटै निवेदन बाट रु १०००। तिरी सिलवन्दी दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालय बाट सिलवन्दी दरभाउपत्रफाराम खरिद गर्न सकिनेछ।

२ सिलवन्दी दरभाउपत्रदाताले दरभाउपत्रखरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको सिलवन्दी दरभाउपत्रफाराम खरिद गर्नु पर्नेछ। खरिद भएको सिलवन्दी दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १६ औ दिनको १२ :०० बजे भित्रसिलवन्दी दरभाउपत्र फाराम सहिछाप गरी सिलवन्दी दरभाउपत्र दाताको नाम ठेगानासर्म्पक नं. खुलाई दरभाउपत्र यस कार्यालयमादर्ता गराउन सकिनेछ।

३ दर्ता भएकासिलवन्दी दरभाउपत्रहरु सोहीदिनको १:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्रखोल्न बाधा पर्ने छैन।

४ दरभाउपत्रपेश गर्ने अन्तीमदिन तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु त्यस पछिको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ।

५ दरभाउपत्र दर्ता गर्दा सुचना अनुसार उल्लेखित रकम तिलागुफा नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेन्ट वैक शाखा कार्यालय नाग्म स्थित धरौटी खाता.न. ०६२०१०५०२५०३८२ मा जम्मा गरेको सक्कलै वैक भौचर वा मान्यताप्राप्त वैकवाट यस कार्यलयको नाममाजारी भएको प्रचलित कानुनले तोकेको अवधीभएको बोलपत्र जमानी पत्र (विडवन्ड) पेश गर्नु पर्नेछ।

६ कुनै कारण जनाई वानजनाई सम्पूर्ण वाआंशिक रुपमा दरभाउ स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ।

७ सिलवन्दी दरभाउपत्रमा दररेट उल्लेख गर्दा दर स्पष्ट रुपमाअंक र अक्षर माउल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्ने गएमा अक्षरलाई मान्यता दिईनेछ।

८ कार्यालयको आवश्यकता अनुसार सिलवन्दी दरभाउपत्र उल्लेखित परिमाणमा थपघट गर्न सकिनेछ।

९ अन्य कुराको हकमा सार्वजनिकखरिद ऐन २०६३ र सार्वजनिकखरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१० अन्य कुराहरु बुझ्न परे यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं | कामको विवरण | कुल ल.ई. रकम रु.( मु.अ.कर बाहेक) | धरौटी रु. | बोलपत्र दस्तुर फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| २/०७६/०७७ | **तोकिएका स्पेसिफिकन** तथा BOQ को परिमाण अनुसार स्टेसनरी साम्रागी खरिद गरी न.पा. को केन्द्र सम्म ढुवानी गनुपर्ने कार्य। | रु १७,६५,८३०।०० | रु.५५,०००।०० (दरभाउपत्र दाखिलाको अन्तिम दिन देखी ७५ दिनको अवधि रहेको) | १,०००। | |
| ३/०७६/०७७ | **तोकिएका स्पेसिफिकन** तथा BOQ को परिमाण अनुसार कार्यालय साम्रागी खरिद गरी न.पा. को केन्द्र सम्म ढुवानी गनुपर्ने कार्य। | रु १७,६१,४००।०० | रु.५५,०००।०० (दरभाउपत्र दाखिलाको अन्तिम दिन देखी ७५ दिनको अवधि रहेको) | १,०००। | |
| ४/०७६/०७७ | **तोकिएका स्पेसिफिकन** तथा BOQ को परिमाण अनुसार कार्यालयको विभिन्न फर्मेट छपाइ गरि गरी न.पा. को केन्द्र सम्म ढुवानी गनुपर्ने कार्य। | रु ८९८,०००।०० | रु.३०,०००।०० (दरभाउपत्र दाखिलाको अन्तिम दिन देखी ७५ दिनको अवधि रहेको) | १,०००। | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत